पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

# प्रारम्भिक बाल विकास शिक्षकको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम २०८३

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०८३।०५।२६

## लिखित परीक्षा योजना (Written Examination Scheme)

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| बस्तुगत परीक्षा | ५० | २५ | २५ | २५x२ | वस्तुगत / बहुबैकल्पिक | ४५ मिनेट |
| विषयगत परीक्षा | ५० | २० | १० | १०x५ | छोटो उत्तर आउने प्रश्न | २ घण्टा |

## अन्तर्वार्ता : २५ अङ्क

| क्र.सं. | विवरण | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | अन्तर्वार्ता | १५ | अन्तर्वार्ताको अङ्क दिंदा कुनै उम्मेदवारलाई ७०% भन्दा बढी र ३५% भन्दा कम दिनुपर्ने भएमा स्पष्ट कारण खुलाउनु पर्नेछ |
| २ | शैक्षिक योग्यता | ५ | शैक्षिक योग्यता वापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणी भए तीन र द्वितीय श्रेणी भए दुई अङ्क र सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए दुई र द्वितीय श्रेणी भए एक अङ्क प्रदान गरिनेछ । |
| ३ | अनुभव | ५ | अनुभव वापत प्रारम्भिक बाल विकास/आभारभूत तह कक्षा १ -५ शिक्षकको रुपमा काम गरे वापत प्रत्येक वर्षको शुन्य दशमलव पाँच अङ्कका दरले बढीमा पाँच अङ्क प्रदान गरिनेछ । |
| जम्मा २५ अङ्क | | | |

**द्रष्टव्य :**

१. बस्तुगत / बहुबैकल्पिक परीक्षाको लागि ४५ मिनेट समय निर्धारण गरिएको छ।

२. बस्तुगत / बहुबैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

३. यस पाठ्यक्रम अन्तर्गतका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानुन (ऐन, नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

४. बस्तुगत परीक्षा उतीर्ण गरेका उमेदवारहरुलाई मात्र विषयगत परीक्षामा सम्मिलित गराइने छ।

५. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा दुबै हुनेछ ।

६. सम्बन्धित विषयको विषयगत परीक्षामा उतीर्णाङ्क ल्याउने उमेदवारले बस्तुगत परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको ५० प्रतिशत अङ्क जोडेर लिखित परीक्षाको नतीजा प्रकाशन गरिने छ ।

७. यो पाठ्यक्रम स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## खण्ड 'क'
## बस्तुगत परीक्षा(Objective Test)

तह : बाल विकास

पूर्णाङ्क: ५०

उत्तीर्णाङ्क : २५

समय: ४५ मिनेट

| क्र. सं. | पाठ्यक्रमको क्षेत्र | प्रश्न सङ्ख्या | अङ्क |
|---|---|---|---|
| | **प्रारम्भिक बालविकास शिक्षाको परिचय तथा नीतिगत व्यवस्था** | | |
| १ | बाल विकासको अवधारणा र महत्त्व | २ | ४ |
| २ | नेपालको संविधान (धारा ३१ र धारा ३९) | २ | ४ |
| ३ | शिक्षा ऐन २०२८ (संशोधनसहित), शिक्षा नियमावली २०५९ (संशोधनसहित) र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा ECD सम्बन्धी व्यवस्था | २ | ४ |
| ४ | प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, २०७७ (परिमार्जन, २०८२) को परिचय, संरचना र वार्षिक कार्यघण्टा | २ | ४ |
| | **सर्वाङ्गीण बालविकास र सक्षमता** | | |
| ५ | बालबालिकाको सर्वाङ्गीण विकासका पक्षहरू(शारीरिक, संवेगात्मक, सामाजिक/सांस्कृतिक/नैतिक, बौद्धिक/मानसिक, स्वास्थ्य, पोषण, सुरक्षा र सिर्जनात्मक) | १ | २ |
| ६ | प्रारम्भिक बाल विकास तहका तहगत सक्षमताहरू र तिनको व्यावहारिक प्रयोग(६ वटा) | १ | २ |
| ७ | आधारभूत सिप (३८४ घण्टा) र विषयगत सिप (१९२ घण्टा) का क्षेत्रहरू | २ | ४ |
| | **एकिकृत सिकाइ सहजीकरण र विषय क्षेत्रहरू** | | |
| ८ | पूर्वभाषिक सिप, पूर्वगणितीय सिप, दृश्यकला, कार्य तरिका र सिर्जनशीलताको विकास गराउने तरिकाहरू | २ | ४ |
| ९ | स्थानीय विषयवस्तु, बालगीत, खेल र कथाको प्रयोग (२५६ घण्टा अतिरिक्त समयको उपयोग) | १ | २ |
| | **बाल अनुकूल वातावरण र कक्षाकोठा व्यवस्थापन** | | |
| १० | प्रारम्भिक बालविकास केन्द्र/कक्षाकोठा व्यवस्थापन, बैठक व्यवस्थापन र सिकाइ कुनाहरूको स्थापना | २ | ४ |
| ११ | स्वास्थ्य, पोषण, व्यक्तिगत सुरक्षा (Good touch/Bad touch, दुर्घटनाबाट बचावट) र सरसफाइ सम्बन्धी अभ्यास | २ | ४ |
| १२ | समावेशी शिक्षा: फरक क्षमता, भाषा र पृष्ठभूमि भएका बालबालिकाको सिकाइ सहजीकरण | १ | २ |
| | **सिकाइ सहजीकरण, मूल्याङ्कन र मापदण्ड** | | |
| १३ | खेलमा आधारित, मनोरञ्जनात्मक र कार्यमूलक सिकाइ विधि | १ | २ |
| १४ | बालबालिकाको निरन्तर मूल्याङ्कन, पोर्टफोलियो (Portfolio) निर्माण, अवलोकन फर्म र प्रगति विवरण | २ | ४ |
| १५ | प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standards - ELDS) को प्रयोग | १ | २ |
| १६ | अभिभावक शिक्षा, समुदायको सहभागिता र स्थानीय तहसँगको समन्वय | १ | २ |
| | **जम्मा** | २५ | ५० |

प्रमुख प्रशासकीय अधिकृत

पञ्चेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
आम्चौरा, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

## खण्ड 'ख'

## विषयगत परीक्षा (Subjective Test)

तह : बाल विकास    पूर्णाङ्क : ५०    उत्तीर्णाङ्क २०    समय: २ घण्टा

| क्र. सं. | एकाइ | विषयक्षेत्र | प्रश्न सङ्ख्या | अङ्कभार |
|---|---|---|---|---|
| १ | बाल मनोविज्ञान र समावेशी कक्षा | • बालविकासको अवधारणा, महत्त्व र आवश्यकता (विशेष गरी प्रारम्भिक वर्षहरू ०-८ वर्ष र ४-५ वर्ष)<br>• बाल मनोविज्ञानका आधारभूत सिद्धान्त<br>• शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका चरणहरू<br>• बाल अधिकार, बाल संरक्षण र समावेशी शिक्षा (Inclusive Education) को अवधारणा<br>• विशेष आवश्यकता भएका बालबालिकाको व्यवस्थापन | २ | २x५=१० |
| २ | पाठ्यक्रम र दैनिक कार्यतालिका | • प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम (२०७७ परिमार्जन २०८२) को ढाँचा र उद्देश्य<br>• विकासका ५ क्षेत्रहरू: (शारीरिक विकास, सामाजिक/संवेगात्मक विकास, भाषा तथा सञ्चार विकास, बौद्धिक / ज्ञानात्मक विकास, रचनात्मक / सौन्दर्यात्मक विकास)<br>• पूर्व-गणित, पूर्व-पठन र पूर्व-लेखन सिपहरु<br>• दैनिक कार्यतालिकाका ६ चरणहरू (स्वागत, सामूहिक समय, रुचि कुना, बाहिरी खेल, खाजा समय, समीक्षा समय)<br>• पाठ्यक्रम अनुसार दैनिक कार्यतालिका (Daily Routine) र दैनिक पाठ योजना निर्माण | २ | २x५=१० |
| ३ | शिक्षण विधि र सिकाइ वातावरण | • खेलमा आधारित शिक्षण विधि: (स्वतन्त्र खेल र निर्देशित खेल)<br>• कथा वाचन, गीत/कविता, नाटक/अभिनय (Role Play) र कठपुतली प्रविधि<br>• बालमैत्री र सुरक्षित कक्षाकोठा व्यवस्थापन<br>• ६ वटा रुचि कुना (भाषा कुना, गणित कुना, निर्माण/ब्लक कुना, अभिनय कुना, कला कुना र प्रकृति/विज्ञान कुना) | २ | २x५=१० |
| ४ | सिकाइ सामग्री निर्माण र प्रविधि | • स्थानीय स्तरमा उपलब्ध बिना लागत र कम लागतका (No-cost & Low-cost) सामग्रीको सङ्कलन र निर्माण<br>• भित्री (Indoor) र बाहिरी (Outdoor) खेल सामग्रीको प्रयोग र सुरक्षा मापदण्ड<br>• दृश्य-श्रव्य (Audio-Visual) सामग्रीको प्रयोग | २ | २x५=१० |
| ५ | मूल्याङ्कन र अभिलेखीकरण | • निरन्तर अवलोकन र मूल्याङ्कन<br>• मूल्याङ्कनका साधनहरू: पोर्टफोलियो (Portfolio), चेकलिस्ट (Checklist), घटना वृत्त अभिलेख (Anecdotal Record)<br>• बालबालिकाको व्यक्तिगत प्रगति प्रतिवेदन तयारी र अभिभावक परामर्श<br>• बाल पोषण, बाल स्वास्थ्य, प्राथमिक उपचार, व्यक्तिगत सरसफाइ र अभिभावकसँग सहकार्य | २ | २x५=१० |
| | | जम्मा | १० | ५० |

प्रमुख प्रशासकीय अधिकृत